# पाठ - 2
## हाथीको कथा

# الدرس الثاني - نيبالي
## قصة الفيل

अबरहा अलहबशी जो कि यमनमा नज्जाशीको नायब थियो, जब उसले यो देख्यो कि अरबको व्यक्तिहरु मक्का शहरमा काबाको हज गर्नु हुन्छन , त्यसलाई महान बुझ्नु हुन्छन , र टाँढा टाँढाबाट त्यहाँ आउनु हुन्छ भने सन्आ नामको शहरमा उसले एउटा गृजा घरको स्थापना गर्यो, ताकि अरबको हाजीहरु पनि मक्का छोडेर यहिं आउन थालुन, तर अरबको एउटा कुल बनी केनानाको एउटा व्यक्तिले जब यस कुरा बारे थाहा पाउनु भयो त रातको समयमा त्यस ग्रिजा घरमा गएर दिवार र भित्ताहरुमा गोबर लिपदिनु भयो,
अबरहालाई जब यस कुराको जानकारि भयो त धेरै रिसायो र क्रोधित भयो, र साठि हजारको संख्यामा एउटा ठुलो सैनिक तयार गर्यो, साथमा नौंवटा हाथी पनि थिए, यति तयारिका साथ काबालाई ध्वंसत पार्नको लागि मक्का तिर हिंड्यो , आफ्नो लागि एउटा ठुलो हाथी रोजेको थियो, मक्काको नजिक पुगेर आक्रमणको लागि आफ्नो सैनिकलाई तयार गर्यो, तर हाथीहरु अगाडि बढेनन् बरु त्यहिं बस्न थाले, हाथीहरुलाई यदि अर्को दिशामा लगाउँ थियो भने दौडन थाल्थे र यदि काबाको दिशामा लगाउँ थियो भने बसि हाल्थे, यस्तो हुँदै थियो कि त्यहि समयमा अल्लाहले उनीहरु माथि अबाबील नामको पँछिहरु पठाउनु भयो, र त्यो पन्छिले उनीहरु माथि सानो सानो ढुंगा हिर्काउन थाल्यो, र त्यो ढुँगाहरु नर्कको आगोमा तताइएको थियो, हरेक पँछि आफु सँग तीनवटा चना बराबरको ढुंगा बोकेको थिए, एउटा आफ्नो चुच्चोमा र दुइवटा आफ्नो दुवै खुट्टामा, जसलाई पनि लाग्थ्यो त्यसको अँगहरु कटन र झडन थाल्थ्यो, र अन्तमा त्यसको मृत्यु भइहाल्थ्यो, यस प्रकार सबै बाटोमै लडदै भागन थाले, र अबरहालाई अल्लाहले यस्तो रोगमा फाँसनु भयो कि उसको सबै औंलाहरु झडिहाल्यो, र सन्आ पुग्ने सम्म धेरै पिडा भयो र अन्तमा त्यहिं उसको मृत्यु भयो, यहाँ मक्कामा कुरैशको व्यक्तिहरु युद्धको डरले अफ्नो ज्यान जोगाउनको लागि पहाड र खोलाहरुमा लुकाएका थिए, तर जब योद्धाहरु माथि यस्तो संकट आयो त उनीहरुले आफ्नो आफ्नो घर तिर सुरक्षित फर्किनु भयो, यो घटना नबी ﷺ को जन्म भन्दा पचास दिन अघिको हो ।

**नबी ﷺ ले खाएको दुध** : जब नबी ﷺ को जन्म भयो त उहाँको काका अबुलहब कि दासी सोवैबहले उहाँलाई दुध खुवाइन् र यस भन्दा अघि उसले उहाँको काका हजरत हमजा बिन अब्दुल मुत्तलिबलाई पनि दुध खुवाएकि थिइन् यस प्रकार हजरत हमजा رضي الله عنه नबी ﷺ को रेजाइ भाई (एउटै आमाको दुध खाएको) भए, अरबमा एउटा बानी थियो कि उनीहरु आफ्नो सन्तानहरुको लागि गाउँको दाई आईमाई खोजने गर्थे जहाँ शरिरको बिकास र स्वास्थको सबै व्यवस्था पाइन्छ, र त्यहि कारण नबी ﷺ ले अर्कै आईमाईको घरमा सर्नु भयो, उहाँको जन्मको समयमा बनू सअद कि महिलाहरु दुध खुवाउने बच्चाहरुको खोजिमा मक्का पुगेकि थिइन् , सबै महिलाहरु घर घर जाँदै थिइन, तर अनाथ र गरिब हुनुको कारण नबी ﷺ लाई राख्ने कुरामा कोहि पनि सहमत भइनन् , र ति महिलाहरु मध्ये एउटि हलिमा सादिया पनि थिइन् जसले नबी ﷺ लाई राख्ने तयार भएकि थिइनन् तर उहाँले धेरै प्रयास गरेर पनि आफु सँग लैजाने कुनै धनि घरको सन्तान पाइनन् , अन्तमा थोरै मजदुरी र अनार्थ बच्चा माथि संतुष्ट भइ आमेनाको घर तिर फर्किने बिचार गरिन् , हलिमा आफ्नो श्रीमान सँग एउटा कमजोर, पातलो, र बिस्तारै हिंडने ऊँटनी माथि सवार भएर मक्का आएकि थिइन्, तर रसूल ﷺ लाई आफ्नो गोदमा लिएर फर्किने समय त्यहि सबभन्दा अगाडि धेरै तेजीले दौडि रहेकि थिइ, साथीहरु त साह्रै अचम्म हुनु भयो, र जस्तोकि हलिमा आफै भन्नु हुन्छ कि उहाँको स्तनमा थोरै दुध आउँ थियो र भुकको कारण उहाँको बच्चा संधै रोई रहन्थ्यो, तर जब उहाँले आफ्नो छाती रसूल ﷺ को मुखमा हालने भइन् त धेरै दुध आउन थाल्यो, हलिमाले बनी साअदको क्षेत्रमा अनिकालको बारेमा बयान गर्दै भन्नु हुन्छ कि जब उहाँले यो बच्चालाई दुध खुवाउने सुनौलो मौका पाईन् त उहाँको धरतिमा धेरै अनाज भयो र जनावरहरुको संख्यामा पनि बृद्धि भयो, बरु उहाँको अवस्था नै बदलिन थाल्यो, गरिबी र कठीनाइको ठाउँमा धन् र खुशी प्राप्त भयो ।
मुहम्मद ﷺ ले हलीमाको पालन पोषनमा दुइ बर्ष बिताउनु भयो, र हलीमाले पनि उहाँलाई निकै ख्याल राख्ने गर्थिइन, उहाँलाई महसुस भइसकेको थियो कि यस बच्चालाई एउटा अनौठो र बेगलै प्रकारको अवस्थाले घेरि राखेको छ , दुइ बर्ष पछि हलीमाले उहाँलाई उहाँको आमा र बाजेको घर लिएर गइन् , तर हलिमा जुन् नबी ﷺ को बरकत (उन्नति) द्वारा आफ्नो बदलिएको प्रस्थिती देखेकि थिइन् आमेना सँग धेरै आग्रह गरिन् ताकि दोश्रो पटक पनि उहाँलाई आफु सँग राख्ने अनुमति प्राप्त भइहालोस, र यस प्रकार आमेनाले फेरि एक चोटि उहाँलाई राख्ने अनुमति प्रदान गरि दिनु भयो , हलीमा खुशी खुशी अनार्थ बच्चा लिएर आफ्नो गाउँ बनि साअदमा फर्किने भइन् ।